
annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक ३४ पृष्ठ ८ | ... 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## युक्रेन शान्तिको लागि आवश्यक कदम चाल्न तयार



**इस्तानबुल** (एजेन्सी) : युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले इस्तानबुलमा भएको सोमबारको शान्ति वार्तापछि रूससँग थप युद्धबन्दीहरू आदानप्रदान हुने अपेक्षा गरेको बताएका छन्।

नेटोका पूर्वी र नोर्डिक सदस्यका नेतासँगको शिखर सम्मेलनका लागि लिथुआनियाको भिल्नियसमा रहेका जेलेन्स्कीले बैठकपछि बोल्दै राष्ट्रपति भ्लादिमिर पुटिनलाई युद्धविराममा सहमत हुन दबाब दिन नयाँ प्रतिबन्धहरूको समर्थन दोहोर्‍याए।

युक्रेन-रूस वार्ताप्रति प्रतिक्रिया दिँदै युक्रेन शान्तिका लागि आवश्यक कदम चाल्न तयार रहेको पनि उनले बताए। प्राकृतिक सुरुवात बिन्दु युद्धविराम रहेको जनाउँदै उनले भने, 'मानवीय कार्य, कैदीहरूको रिहाइ र अपहरण गरिएका बालबालिका फिर्ता हुनुपर्छ।'

जेलेन्स्कीले इस्तानबुलमा भएको वार्ताबाट केही उपलब्धि हासिल नभए युरोपेली संघ र अमेरिकाले रूसमाथि तत्काल र नयाँ कडा प्रतिबन्ध लगाउनुपर्ने पनि जनाए। 'विशेष गरी राष्ट्रपति ट्रम्पले बोलेका सबैभन्दा कडा प्रतिबन्धहरू लगाउनुपर्छ,' उनले भने। दोस्रो चरणको शान्ति वार्ताका लागि रूसी र युक्रेनी प्रतिनिधिमण्डल हाल टर्कीमा छन्।

गत महिना इस्तानबुलमा भएको पहिलो चरणको वार्तामा ठूलो संख्यामा कैदी आदान-प्रदान भए पनि द्वन्द्व अन्त्य हुने संकेत देखिएको थिएन। यो पटक वार्ता टोलीका सदस्यहरूले बेलायत, जर्मनी र इटालीका अधिकारीहरूसँग पनि भेटवार्ता गरिरहेका छन्।

रूसी तर्फबाट पूर्ववार्ताकार तथा पुटिनका वैचारिक सहयोगी भ्लादिमिर मेदिन्स्की वार्तामा सहभागी छन् भने युक्रेनी प्रतिनिधिमण्डलको नेतृत्व रक्षामन्त्री रुस्तम उमरोभले गरिरहेका छन्।

## इरानको युरेनियम प्रशोधनमा वृद्धि, राष्ट्रसंघको चासो

**कायरो** (एजेन्सी) : संयुक्त राष्ट्रसंघको परमाणु निगरानी निकाय अन्तर्राष्ट्रिय आणविक ऊर्जा संस्थाका महानिर्देशक राफायल ग्रोसीले सोमबार इरानलाई आफ्नो आणविक कार्यक्रम सम्बन्धमा पारदर्शिता बढाउन आग्रह गरेका छन्। इरानले प्रतिबन्ध हटाउन खोजिरहेका बेला गरिएको यो आग्रह कूटनीतिक छलफलकै सन्दर्भमा आएको हो।

उनले इरानी विदेशमन्त्री तथा प्रमुख वार्ताकार अब्बास अराघचीसँग कायरोमा हुने भेटघाटअघि यस्तो भनाइ सार्वजनिक गरेका हुन्। एक दिनअघि बाहिरिएको एक प्रतिवेदनमा इरानले ६० प्रतिशतसम्म प्रशोधित युरेनियम उत्पादन तीव्र रूपमा बढाएको उल्लेख छ। यो मात्रा ९० प्रतिशतको नजिक छ, जुन आणविक हतियार बनाउन प्रयोग हुने स्तर मानिन्छ।

कभर स्टोरी

### सामाजिक सुरक्षा भत्ता

# उमेर ७० पुर्‍याउँदा राज्यलाई १० अर्ब पुँजी निर्माण


## भत्ता पाउने ३७ लाख ८५ हजार


कुल विनियोजित बजेटको ठूलो हिस्सा सामाजिक सुरक्षा भत्ताले ओगट्छ। विगतका वर्षहरूमा कुल बजेटको करिब साढे ८ प्रतिशतसम्म उक्त शीर्षकमा खर्च हुन्थ्यो। तर, आगामी आवको बजेटमार्फत सरकारले ज्येष्ठ नागरिक भत्ताको उमेर ६८ वर्षबाट बढाएर ७० वर्ष पुर्‍याएको छ। अब उक्त बजेट साउनबाट लागू भएसँगै वर्षमा करिब १० अर्ब रुपैयाँ बच्ने भएको छ। यसबाट सरकारले अन्य क्षेत्रमा खर्च गर्न पाउँछ। यसले पुँजी निर्माणमा सहयोग पुर्‍याउँछ।

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




# सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री सोडारीविरुद्ध मुद्दा



- १ करोड बढी अकुत सम्पत्ति
- श्रीमती छोरा पनि प्रतिवादी
- श्रीमती छोराको नाममा जग्गा खरिद र घर निर्माण

**अन्नपूर्ण** | *काठमाडौं*

सुदूरपश्चिम प्रदेशका तत्कालीन मुख्यमन्त्री दीर्घबहादुर सोडारीविरुद्ध अकुत सम्पत्ति आर्जनको आरोपमा मुद्दा दायर गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पदीय मर्यादा विपरीतका कार्य गरी गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्दै उनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो। उनीविरुद्ध १ करोड ८ लाख ३८ हजार ३ सय २ रुपैयाँ बिगो कायम गरेको छ। श्रीमती गीता सोडारी तथा छोरा बबि सोडारीलाई पनि प्रतिवादी बनाएको छ।

नेकपा एकीकृत समाजवादी नेता एवं पूर्व भौतिक पूर्वाधार विकासमन्त्री सोडारीले सार्वजनिक पद धारण गरेको छोटो अवधिमा अकुत सम्पत्ति आर्जन गरेको अख्तियारको अनुसन्धानमा देखिएको छ। उनी सुदूरपश्चिम प्रदेशको प्रदेशसभा सदस्य तथा एकीकृत समाजवादीको प्रभावशाली नेता हुन्। उनी पटकपटक विवादमा पर्दै आएका थिए। विशेषमा मुद्दा दायर भएसँगै उनको सांसद पद निलम्बनमा परेको छ। २०७४ माघ ७ देखि २०७९ फागुन १० सम्म सार्वजनिक पद धारण गरेका अवधिको अख्तियारले अनुसन्धान गरेको थियो। यो जाँच अवधिमा निजसमेतको खुद बैंक मौज्दात, पारिश्रमिक बचत, दैनिक भ्रमण भत्ता बचत, गैरसरकारी संस्थाबाट प्राप्त भत्ता आय, श्रीमतीको पारिश्रमिक बचत, छोराको पारिश्रमिक र दैनिक भ्रमण भत्ता बचत, बुहारीको पारि श्रमिक बचत, कृषि आय, बुवा र आमाले प्राप्त गरेको सामाजिक सुरक्षा भत्ता बचत र बैंक ब्याज आयसमेत गरी ८५ लाख ५१ हजार ३ सय ३४ रुपैयाँ वैधानिक आय आर्जन गरेको देखिएको छ।

यसैगरी सोही जाँच अवधिमा व्ययतर्फ जग्गा खरिदमा भएको खर्च, घर निर्माण एवं सोही घरमा आन्तरिक सजावट खर्च, छोरीको अध्ययन खर्च, निजको श्रीमती सञ्चालक रहेको बबि मसला उद्योगमा भएको लगानी, बिमा प्रिमियम भुक्तानी, प्रदेशसभा निर्वाचनमा भएको खर्च, छोराको विवाह खर्च, सेयर लगानी, बिभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको नगद मौज्दातसमेत गरी १ करोड ९२ लाख ८९ हजार ६ सय ३७ बराबरको सम्पत्ति खर्च तथा लगानी गरेको अनुसन्धानमा देखिएको छ।

जाँच अवधिको कुल र समग्र आयबाट सोही अवधिको कुल र समग्र खर्च तथा लगानी (कुल व्यय) घटाउँदा १ करोड ८ लाख ३८ हजार ३ सय २ रुपैयाँले कुल आयभन्दा कुल व्यय अधिक हुन गई सोही बराबरको सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। सार्वजनिक सेवाको पदमा बहाल रहँदा आफ्नो पदीय हैसियतको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको पुष्टि भएपछि उनीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो।

पूर्वमुख्यमन्त्री सोडारीविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम कैद र बिगोबमोजिम जरिवानाको मागदाबी गरिएको छ। उनले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति जफत गरी पाउँ भनी मागदाबी गरिएको छ।

**सम्पत्ति लुकाइछिपाइ झुटा विवरण पेस**

उनले अख्तियार समक्ष पेस गरेको सम्पत्ति विवरणमा वास्तविक सम्पत्तिको विवरण उल्लेख नगरी सम्पत्ति लुकाइछिपाइ झुटा विवरण पेस गरेको पुष्टि भएको छ। सम्पत्ति लुकाइछिपाइ झुटा विवरण पेस गरेको कसुरमा पनि कैद र जरिवाना गरिएको छ। यसरी लुकाइछिपाइ राखिएको सम्पत्ति जफत हुनुका साथै सुदूरपश्चिम प्रदेश सरकारअन्तर्गत सामाजिक विकास मन्त्री, भौतिक पूर्वाधार विकासमन्त्री र प्रदेशसभा सदस्य रहेकोले थप सजायको मागदाबी गरिएको छ।

**श्रीमती र छोराको पनि सम्पत्ति जफत**

सोडारी सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरुपयोग गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिबाट श्रीमती गीता सोडारी तथा छोरा बबि सोडारीको नाममा जग्गा खरिद, घर निर्माण गरेको देखिएको छ। साथै त्यो गैरकानुनी सम्पत्ति बैंक मौज्दात राखेको पाइएको छ।

श्रीमती गीता र छोरा बबिविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी कायमगरी विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता एवं सहसचिव राजेन्द्रकुमार पौडेलले जानकारी दिए।

# संसद्‌को गतिरोध खुलाउन ३ शीर्ष नेताको पहल

## माओवादीको अडान कायमै, कांग्रेस-एमाले संसद् जसरी चलाउने पक्षमा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रतिनिधिसभामा देखिएको गतिरोध हटाउने विषयमा तीन शीर्ष नेताले पहल थालेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको आह्वानमा प्रमुख दलका शीर्ष नेताहरूबीचमा संसद्‌को अवरोध खुलाउने विषयमा छलफल भएको छ। नेकपा माओवादी केन्द्रले आफ्नो अडान कायमै राखेपछि छलफल निश्कर्षविहीन भएको छ।

जेठ ७ गतेदेखि गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै प्रतिपक्ष दलहरूले संसद अबरोध गरिरहेका छन्। तर, सत्तापक्ष भने मंगलबारबाट जसरी पनि संसद् सुचारु गर्ने पहल गरिरहेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखकलगायतको सहभागिता थियो। शीर्ष दलकै बैठकभन्दा अघि प्रचण्डले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई पनि भेटेका थिए। एकीकृत समाजवादी भने गृहमन्त्री लेखकको कुरा सुन्नुपर्ने बताउँदै आएको छ।

शीर्ष नेताको छलफलपछि माओवादी केन्द्र प्रमुख सचेतक हितराज पाण्डेले भिजिट भिसा प्रकरणको अनुसन्धानका लागि गृहमन्त्रीले राजीनामा नदिएसम्म संसद् सुचारु हुन नदिने आफ्नो पार्टीको अडानबारे शीर्ष बैठकमा जानकारी गराएको बताए।

उनले भने, 'हामीले जुन विषयवस्तु राखेका छौं। त्यो यथावत् नै छ। सुशासनलाई केन्द्रित गरेर अघि राख्नुपर्छ भनेका छौं। जुन कुरा हामीले सदनमा राखेका छौं। त्यही विषयवस्तु हो।' उनले भिजिट भिसामा भएको गडबडी हल गर्न गृहमन्त्रीले मार्ग प्रशस्त गर्नुपर्ने विषय बैठकमा राखेको बताए। उनले भने, 'भिजिट भिसामा जसरी गडबड भएको छ, त्यसलाई गृहमन्त्रीज्यूले हल गर्नका लागि अनुसन्धान गर्न मार्ग प्रशस्त गर्नुपर्छ भनेर भनेका छौं।'

प्रधानमन्त्री ओलीले भने पछिल्लो समयमा राजावादीको नाम व्यवस्थाप्रति नै आक्रमण भइरहेकाले गणतन्त्रवादीहरू मिली सदन खोलेर प्रतिवाद गर्नुपर्ने बताएका थिए। माओवादी केन्द्रका प्रमुख सचेतक पाण्डेले प्रधानमन्त्रीले संसद् खोलेर अघि बढ्न आग्रह गरेको सुनाए। उनले भने, 'अब राजीनामा होइन संसद् खोलेर अघि बढ्नुपर्छ भन्ने कुरा राख्नुभयो।' छलफलमा भिजिट भिसाको विषयमा कर्मचारीको कुरा भएकाले गृहमन्त्रीले राजीनामा दिनुनपर्ने प्रधानमन्त्रीलगायत सत्तारूढ दलका नेताहरूले कुरा राखेका थिए।



प्रधानमन्त्रीका मानव अधिकार तथा संक्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार अग्नि खरेलले मंगलबारदेखि संसद् चल्ने विश्वास व्यक्त गरे। तीन दलका शीर्ष नेताहरूको छलफलपछि उनले भने, 'हामी आशामा छौं संसद् चल्छ। र, कम्तीमा माओवादीका साथीले त्यो विचार गर्नुहुन्छ। अरूलाई पनि विचार गर्न उत्प्रेरित गर्नुहुन्छ। हाम्रो विचारमा आजदेखि संसद् चल्छ।' संसद् अवरोध हटाउनका लागि माओवादी केन्द्रलाई आग्रह गरिएको बताउँदै यस विषयमा अरू दलसँग छलफल गर्ने माओवादीले बताएको उनले जानकारी दिए।

**माननीयज्यूहरू तयार भएर बस्नुस्, सदन चल्छ : प्रधानमन्त्री**

प्रधानमन्त्री ओलीले गृहमन्त्री रमेश लेखकको राजीनामालाई अनावश्यक विषय बनाएर प्रतिपक्षले सदन अवरोध गर्नु लोकतन्त्रविपरीत भएको बताएका छन्। एमालेको संसदीय दलको बैठकमा प्रधानमन्त्री ओलीले मंगलबारदेखि संसद्‌का नियमित गतिविधि सञ्चालन हुने बताए।

'नियमित संसद् चलाउ भनेर मैले प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'जी कुरा गर्न खोजे तर उहाँ जानीजानी सम्पर्कमा आउनुभएन। वार्ता, संवाद नगर्ने अनि सदन बन्द गर्ने मुडमा उहाँहरू हुनुहुन्छ होला। यस्तो व्यवहार सधैं चल्दैन। संसद् यस्ता नचाइने कुरामा सधैं बन्द हुँदैन', उनले भने। उनले गृहमन्त्रीले राजीनामा दिनुपर्ने कारण अहिलेसम्म नदेखिएको बताए। उनले एमाले सांसदहरूलाई मंगलबारबाट सदन चलाउन तयारी अवस्थामा रहन पनि निर्देशन दिए।

'केही विषय नपाएर गृहमन्त्रीको राजीनामा मागिएको छ जबकि गृहमन्त्रीमाथि कुनै उजुरी वा छानबिन चलेको छैन,' उनले भने, 'त्यसकारण यस्ता कुरामा संसद अवरुद्ध हुँदैन। माननीयज्यूहरू तयार भएर बस्नुस्। सदन चल्छ।'

» बाँकी पृष्ठ ६